नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७८/०७९

चलानी नं.:- ३६८

मिति:- २०७८/११/२७

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तहहरु (सबै)।

प्रस्तुत विषयमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको च.नं. १४० मिति २०७८/११/२७ को पत्र र केन्द्रीय बजार अनुगमन समितिको मिति २०७८/११/२६ गते बसेको बैठकको निर्णय प्रतिलिपी संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार त्यहाँसँग सम्बन्धित निर्णय कार्यान्वयन हुन आदेशानुसार अनुरोध छ ।

७८/११/२६

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार ।

श्री सूचना तथा प्रविधि शाखाः- वेभसाइटमा अपलोड गरिदिनु हुन ।

फोन नं .: ४२४७९१२, ४२४७९१३
फ्याक्स नं .: ४२४९६०३
इमेल : mail@doc.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(आपूर्ति अनुगमन तथा उपभोक्ता संरक्षण शाखा) ववरमहल, काठमाण्डौं

प.सं. : २०७८/७९
च .नं.: अनुगमन/ १४०

मिति: २०७८।११।२७

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(संघीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

उपर्युक्त सम्बन्धमा उपभोक्ता संरक्षण ऐन २०७५ को दफा २५ बमोजिम श्रीमान् सचिव (वाणिज्य तथा आपूर्ति) ज्यूको अध्यक्षतामा बसेको केन्द्रीय बजार अनुगमन समितिको मिति २०७८।११।२५ गते बसेको वैठकको निर्णय फोटोकपी संलग्न छ । निर्णय नं. ५ र ८ त्यहाँ मन्त्रालय सम्बन्धित भएकोले सबै स्थानीय तहहरुमा निर्णय कार्यान्वयनका लागि निर्देशन पठाईदिनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

(धनेश्वर पौडेल)
शाखा अधिकृत

निर्णयहरु

१ विश्व उपभोक्ता अधिकार दिवस २०७८ को राष्ट्रिय नारा निम्नानुसार राख्ने निर्णय गरियो।

*सुरक्षित र समावेशी विद्युतीय कारोबार : उपभोक्ताको अधिकार*

२ २०७८ निम्नानुसार कार्यक्रमहरु सञ्चालन गरी मनाउने निर्णय गरियो ।

क. उपभोक्ता अधिकारकर्मी संघ संस्थाका प्रमुख/ प्रतिनिधिहरुवीच अन्तरक्रिया कार्यक्रम

ख. राष्ट्रिय स्तरका संचार माध्यममा शुभकामना सन्देश प्रकाशन

ग. विश्व उपभोक्ता अधिकार दिवसका अवसरमा स्टीकर तथा डिजिटल बुलेटिन प्रकाशन

घ. २०७८।१२।१ (१५ मार्च २०२२) का दिन मूल समारोह आयोजना गर्ने उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा आतिथ्यता ग्रहण गर्न सम्माननीय प्रधानमन्त्री एवं उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रीज्यूलाई अनुरोध गर्ने निर्णय गरियो ।

३ विश्व उपभोक्ता अधिकार दिवस मूल समारोह कार्यक्रम सञ्चालन गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र काठमाडौं महानगरपालिका वीच साझेदारी र सहकार्य गर्ने ।

४ मूल समारोह २०७८/१२/०१ गते राष्ट्रिय सभागृहमा दिनको ११.०० बजे संचालन गर्ने निर्णय गरियो।

५ विश्व उपभोक्ता अधिकार दिवस २०७८ (२०७८ चैत्र १ गते) निर्णय नं. १ मा उल्लेखित नाराकासाथ उपभोक्ता अधिकारकर्मी तथा सरोकारवाला निकायहरुको सहभागितामा भव्य रुपमा मनाउन श्री प्रधानमन्त्री तथा मन्त्रिपरषदको कार्यालय मार्फत सातै प्रदेशमा, श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानिय तहमा र श्री गृह मन्त्रालय मार्फत सबै जिल्ला प्रशासन कार्यालयहरुलाई अनुरोध गर्ने।

६ वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरुलाई पनि विश्व उपभोक्ता अधिकार दिवस २०७८ सबै सरोकारवाला निकायहरुवीच समन्वय गरी भव्य रुपमा मनाउन निर्देशन पठाउने।

७ सबै सरोकारवाला तथा विभिन्न विषयका नियामक निकायहरुले बजार अनुगमन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने र कानुन विपरितका क्रियाकलापलाई अनुसन्धानात्मक रुपमा पहिचान गरी नियमन गर्ने।

८ बजार अनुगमन तथा उपभोक्ताका हक संरक्षण सम्बन्धी सबै नियामक निकाय/ विभागहरु, प्रदेश बजार अनुगमन समिति, स्थानीय बजार अनुगमन समितिहरु तथा सबै जिल्ला प्रशासन कार्यालयहरुले सघन, नियमित र प्रभावकारी रुपमा बजारको अनुगमन निरिक्षण गर्ने ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

सचिव
(वाणिज्य तथा आपूर्ति)
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय